# नवौं अध्ययन
# के को लागि पर्खने

**परीक्षा र तिनको सामना कसरी गर्ने ?**

हामी जन्मौंदेखि भिरालो जमीनमा गुड्ने भकुण्डोको स्वभावका छौं. बाइबलले हाम्रो पुरानो स्वभाव नै यसको निम्ति उत्तरदायी छ भनी बताएको छ. त्यसैको परिणाम स्वरुप हामी परमेश्वरको वचनले देखाएको सोझो बाटोबाट सधै तर्किएका हुन्छौं. जब हामी नयाँ जन्म पाएर परमेश्वरको सन्तानमध्ये एक बन्दछौं, तब पनि हामी पाप गरिरहन सक्छौं तर हामीले पाप गर्नै पर्छ भन्ने चाहिं होइन. परमेश्वरको इच्छा पुरा गर्न सिक्न र विगतमा गरेझैं गरी अहिले सिकेको कुरालाई व्यर्थमा समाप्त नपार्न हामी स्वतन्त्र छौं. एउटा क्रिश्चियनले पाप गर्नु पर्ने जरुरी छैन, किनभने पाप गर्न लगाउने परीक्षाहरुको सामना गर्ने- जित्ने शक्ति परमेश्वरले दिनु भएको छ.

> *मानिसलाई आइपर्ने परीक्षा बाहेक तिमीहरु अरु परीक्षामा परेका छैनौ. परमेश्वर विश्वासयोग्य हुनुहुन्छ. उहाँले तिमीहरुलाई सहन सक्ने वा तिमीहरुको सामर्थ्यभन्दा बाहिरका परीक्षामा पर्न दिनु हुनेछैन. तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनु हुनेछ. यसरी तिमीहरु त्यसलाई खप्न सक्नेछौ* (१कोरिन्थी १०:१३).

हामीले कुनै परीक्षामा पर्न आफूलाई त्यसमा समर्पण गर्नु पर्दैन, किनभने त्यस्तो परीक्षालाई हटाउने तथा जित्ने शक्ति र सहायता परमेश्वरले दिनुहुनेछ. तर परीक्षामा परेका बेला हामीले उहाँलाई हेर्नुपर्छ.

**हामीले पाप गर्‍यौं भने के हुन्छ त ?**

पाप गर्न लगाउने परीक्षा पाप होइन. येशू स्वयम् पनि परीक्षामा पारिइनु भएको थियो (मत्ती ४:१-११हेर्नुहोस्). परीक्षामा समर्पण गरेर पाप गर्नु चाहिँ पाप हो. यदि हामी परीक्षामा असफल नै भयौं भने पनि येशूमा

क्षमा उपलव्ध छ. हामीले गर्नु पर्ने चाहिं परमेश्वर समक्ष स्वीकार हो. उहाँलाई हामीले जुनसुकै क्षेत्रमा निरास गराएको भए तापनि उहाँसँग क्षमा माग्नु पर्छ, उहाँले क्षमा गर्नु हुनेछ.

हामीले जहिले सुकै गरेका गलत कामहरुसमेत परमेश्वरले बिर्सिदिनु हुनेछ. सम्पूर्ण पाप-अपराधको लागि येशूलाई सजायँ दिइयो, दण्डको फैसला सुनाइयो र उहाँलाई त्यागियो. त्यसकारण, यदि हामी परमेश्वरसंग क्षमा माग्दछौं भने हाम्रा पापहरु बिर्सिइन र परमेश्वरसामू शुद्ध र ठीक ठहरिन सक्नेछौं (१यूहन्ना १:९ हेर्नुहोस्) र त्यसपछि ठीकसँग जिउन थाल्नेछौं.

**येशूले हामीलाई मदत गर्न सक्नुहुन्छ**

*किनकि हाम्रो प्रधान पूजारी हाम्रा दुर्बलतामा हामीसंग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न. तर हामी जस्तै उहाँ सबैकुराहरुमा परीक्षित हुनुभयो, र पनि उहाँ पापरहित हुनुहुन्थ्यो* (हिब्रू ४:१५).

हामीलाई पाप गर्न लगाउने परीक्षाहरु नै येशू आफैंले सामना गर्नु भयो तापनि उहाँले एउटै पाप गर्नु भएन र उहाँले ती सबैको सामना गर्नुभयो. यदि हामीले हाम्रो जीवन उहाँलाई सुम्पिदियौं भने त्यसैगरी उहाँले हामीलाई सहायता गर्न सक्नु हुन्छ.

**रोप्नु भएअनुसारको फल कटनी गर्नुपर्छ**

परमेश्वरको राज्यमा एउटा सर्वसम्मत सिद्धान्त छ: तपाईंले जे रोप्नु भएको छ त्यसैको कटनी गर्नु हुनेछ (लूका ६:३८). यदि आफ्नो जीवनमा पाप गर्नमा रमाउने र परमेश्वरको आनाज्ञाकारी हुने कुराहरु तपाईंले रोप्नु भएकोछ भने दु:ख कष्ट, स्वार्थ र असफलताको मात्रै तपाईंले कटनी गर्न पाउनु हुनेछ. तर तपाईंले पृथ्वीमा परमेश्वरलाई मनपर्ने जीवन रोप्नुभएको छ भने तपाईंले प्रशस्तताको जीवन प्राप्त गर्नुहुनेछ. यसको अर्थ हामीले आफैंलाई इच्छा लागेको काम गर्न छाडेर परमेश्वरले चाहनु भए जस्तैगरी जिउनु पर्छ. यदि हामीले परमेश्वरलाई केही गर्न मौका दियौं भने हामीलाई पाप गर्न लगाउने परीक्षामा पर्नबाट उम्किन उहाँले हामीलाई सहायता गर्नु हुनेछ. हामी अहिले जे गर्दछौं, त्यसैको इनाम हामीले स्वर्गमा पाउनेछौं (१कोरिन्थी ३:११-१५).

**कुरा जे भए पनि शैतान चाहिं को हो त ?**

शैतान वा दुष्ट भनेको एउटा पतित स्वर्गदूत हो. उसले घमण्डका कारण परमेश्वरको विरोधमा विद्रोह गरेकोले स्वर्गबाट गिर्नु पऱ्यो. परमेश्वरका जुनसुकै कुराहरुको बिरोधमा त्यो खडा हुने भएकाले शैतान हाम्रो शत्रु हो.

> *सचेत रहो, जागा रहो, तिमीहरुको शत्रु दियावलस शैतान, कसलाई भेट्टाउँ, र खाइहालूँ भनी गर्जने सिंह झैं खोजिहिँड्छ. विश्वासमा दह्रिला भएर त्यसको विरोध गर* (१पत्रस ५:८-९).

हाम्रो जीवनमा शैतानले खुट्टा राख्ला कि भनेर हामीले होशियार हुनुपर्छ भनी परमेश्वरले हामीलाई बाइबलमा देखाउनु भएकोछ (एफिसी ४:२७). शैतान भद्र व्यक्तित्व होइन. ऊ हाम्रो विनाश चाहन्छ र हाम्रो कमजोरी नियालि बस्दछ. हाम्रो कमजोरी भेट्टाउनासाथ ऊ हामीमाथि सम्भव भएसम्मको अप्ठ्यारो अवस्था श्रृजना गर्दछ. हामीले आफैंलाई परमेश्वरमा समर्पित गर्दै शैतानको विरोध गर्नुपर्छ र ऊ हामीबाट भाग्नेछ (याकूब ४:७).

> *जसले पाप गर्छ, त्यो शैतानतर्फको हो. किनकि शैतानले शुरुदेखि नै पाप गर्दै आएकोछ र त्यसैका कामहरु नष्ट पार्नलाई नै परमेश्वरका पुत्र प्रकट हुनु भएको हो* (१यूहन्ना ३:८).
> *उहाँले प्रधानताहरु र शक्तिहरुलाई नि:शस्त्रपारी ती सबैमाथि क्रूसमा विजय प्राप्त गर्नु भयो, र तिनलाई खुल्लमखुल्ला तमाशा बनाई दिनु भयो* (कलस्सी २:१५).

शैतान भन्ने कुरा साँचो हो र त्यो तपाईंको शत्रु हो. शत्रुको प्रभावशाली हतियारमध्ये एउटा चाहिँ हतोत्साह बनाउनु हो, त्यसकारण उसमाथि हामीले निगरानी गरिरहनु पर्छ (२कोरिन्थी २:११हेर्नुहोस्). तथापि हामीले सम्झनु पर्दछ, येशूले क्रुसमा शैतान र उसका सबै शक्ति (दुष्टात्माहरु) माथि विजय प्राप्त गर्नु भएकोछ. हामी येशूमा छौं (कलस्सी ३:३) र त्यसकारण शैतान र त्यसका सैन्यदल (दुष्ट आत्मा) माथि हामीलाई

अधिकार दिइएकोछ. हामीले परमेश्वर अघि शुद्ध हृदय सहित ख्रीष्ट येशूमा प्राप्त अधिकारको प्रयोग गर्ने हो भने दुष्टले हाम्रो निम्ति बाटो छोड्नुपर्नेछ.

*तर तिमीहरु त चुनिएका वंश, राजकीय पूजारी गिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ. उहाँले तिमीहरुलाई अन्धकारदेखि आफ्नो उदेकको ज्योतिमा ल्याउनु भयो, ताकि तिमीहरु उहाँका आश्चर्यपूर्ण कार्यहरुको घोषणा गर्न सक* (१पत्रस २:९).

**प्रश्न तथा संकेत**

१. क्रिश्चियनहरुले पाप गर्न छाडेर आफै धार्मिकताको जीवन जिउन थालिहाल्दछन् भन्ने के तपाई ठान्नु हुन्छ ? (कलस्सी ३:५-१४, फिलीप्पी २:१२, १३; १यूहन्ना १:८-२:२).
२. परमेश्वरले कहिल्यै हामीलाई परीक्षा गर्नु हुन्छ ? (याकूब १:१३-१५).
३. येशूको सम्बन्धमा अहिले दुष्ट शैतान कहाँ छ ? (एफिसी १:१९-२३).
४. के शैतान (वा दुष्टात्मा) ले हाम्रो सोचाईमा प्रभाव पार्ने प्रयत्न गर्ला ? (२कोरिन्थी ४:४, ११:३, १४).
५. तपाईंको प्रोत्साहनको निम्ति निम्न पदहरु पढ्नुहोस् (फिलीप्पी ४:१३, याकूब १:२-४; १यूहन्ना ४:४).

**प्रार्थना**

महान परमेश्वर, तपाईंले मलाई स्वाभाविक पापमा मग्न भैबस्ने जीवनबाट फर्काई ल्याउनु भएको लागि धन्यवाद छ. मलाई थाहा छ, म पाप गर्न लगाउने परीक्षामा पर्न सक्छु तर मेरो आफ्नो बाटोमा आइलाग्ने परीक्षाहरुको सामना गर्ने बल (तागत-शक्ति) दिनुहोस् भनी विन्ती गर्दछु. म तपाईंलाई पछ्याउन र खुशी तुल्याउन चाहन्छु. शैतानले मलाई तपाईंमा असफल बनाउने कोशिस गर्नेछ भन्ने कुरा पनि म जान्दछु. शैतान र त्यसका कामहरुमाथि पूर्ण विजय प्राप्त गर्नुभएको लागि म तपाईंलाई धन्यवाद चढाउँछु र फेरि म आफ्नो जीवन तपाईंमा समर्पण गर्दछु. यसो गरेपछि (मैले शैतानको विरोध गर्दा) त्यो मबाट भाग्नेछ भन्ने म जान्दछु. येशूको महान नाउँमा यो प्रार्थना गर्दछु. आमिन.